नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०८०/०२/१८

## स्नातक तहका लागि पाकिस्तान सरकारबाट प्राप्त छात्रवृत्ति अध्ययनका लागि छनौट गर्न अनलाइन आवेदन माग गरिएको सूचना

परराष्ट्र मन्त्रालयको च.नं. ०७९/८०/SA-II/PAK-७९३५ मिति २०८०/०१/३१ (14 May 2023) बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, छात्रवृत्ति शाखाको च.नं. ३६ मिति २०८०/०२/१४ को पत्र अनुसार पाकिस्तान सरकारको Pakistan Technical Assistance Program (PTAP) अन्तर्गत २०२३/२४ सत्रका लागि MBBS, BDS र D Pharmacy शैक्षिक कार्यक्रमका लागि क्रमशः १०, १ र ८ सङ्ख्यामा नेपाली विद्यार्थीका लागि छात्रवृत्तिमा सिट प्राप्त भएको भनी लेखी आएकाले उक्त छात्रवृत्तिमा अध्ययन गर्न देहाय अनुसार योग्यता पूरा भएका इच्छुक नेपाली उम्मेदवारहरूले मिति २०८०/०२/२१ गतेदेखि मिति २०८०/०३/१३ गते अपरान्ह ५:०० बजेभित्र आफ्नो प्रोफाइलमार्फत् देहाय अनुसार प्रक्रिया अपनाई अनलाइन आवेदन दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. प्राप्त सिटको समूहगत विभाजन

वि.सं. २०७७ देखि हालसम्म वितरण गरिएको छात्रवृत्ति (स्वदेशी तथा विदेशी) का खुला तथा आरक्षित सिटलाई आधार मानी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम २० को उपनियम (१०) बमोजिम हिसाब गरी प्राप्त सिटलाई देहायबमोजिम समूहगत विभाजन गरिएको छ ।

| क.सं. | कार्यक्रम | जम्मा सिट | खुला | महिला | मुस्लिम महिला | दलित | आदिवासी जनजाति | खस आर्य | मधेशी दलित | थारु | पिछडिएको क्षेत्र | शहीद परिवार ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | MBBS | १० | ५ | २ | १ | १ | | | | | | १ |
| २ | BDS | १ | | | | | १ | | | | | |
| ३ | D Pharmacy | ८ | ४ | | | | | १ | १ | १ | १ | |

ख. न्युनतम योग्यता र आधारहरू

निम्न अनुसारका सम्पूर्ण योग्यता र आधारहरू पूरा गरेको हुनुपर्नेछ ।

१. सम्वन्धित शैक्षिक कार्यक्रमको पछिल्लो एकीकृत प्रवेश परीक्षा (MECEE-BL २०२3) को योग्यतासूचीमा रहेको
२. वैदेशिक अध्ययन अनुमतिपत्र नलिएको
३. वैदेशिक छात्रवृत्तिमा मनोनयन नभएको

२०८०/०२/१८

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

४. कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना नभएको
५. यसै सूचनामा संलग्न तथा PTAP का अन्य मापदण्डहरू पूरा भएको ।

ग. न्युनतम शैक्षिक योग्यता

PTAP का लागि देहाय अनुसारको शैक्षिक योग्यता तोकी आएको हुनाले यस छात्रवृत्तिमा आवेदन दिने आवेदकहरूले उक्त योग्यता हासिल गरेको हुनुपर्नेछ ।

| Discipline | Subject | Score |
|---|---|---|
| MBBS<br>BDS | English, Chemistry, Biology and Physics or Mathematics. | At least 65% marks in HSSC or its equivalent after conversion from Inter Board Committee of Chaimen IBCC. |
| D Pharmacy | English, Physics, Chemistry and Biology. | At least 60% marks in HSSC or equivalent from Inter Board Committee of Chairmen (IBCC). |

यदि लेटर ग्रेडिङ प्रणालीमा ग्रेडिङ भएको भएमा CGPA न्यूनतम 2.8 हुनुपर्नेछ ।

घ. अनलाइन आवेदन दिने प्रक्रिया

१. एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारले चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी **Check your Status** खण्डमा रहेको **"MECEE-BL 2023"** बटनमा क्लिक गर्नु पर्नेछ ।

२. प्रवेश परीक्षामा सामेल हुँदा दिएका विवरणहरू Nationality, level, program, contact number, date of birth र voucher number भरी "Search your status" बटन क्लिक गरी आफ्नो प्रोफाइलमा प्रवेश गर्नुपर्नेछ ।

३. आफ्नो प्रोफाइल रहेको **"Apply for PTAP"** भन्ने बटनमा क्लिक गरी पाकिस्तान सरकारको छात्रवृत्तिका लागि आवेदन दिन सकिनेछ । आवेदन पेश (submit) भैसकेपछि आवेदकको प्रोफाइलमा "Your application for PTAP has been submitted successfully" भन्ने विवरण देखिनेछ ।

ङ. छनौट र छनौटपछिको प्रक्रिया

१. अनलाइन आवेदनको समय समाप्त भएपश्चात् उम्मेदवारहरूले परीक्षा आवेदन फाराम भर्दाका वखत भरेको विद्यालयको प्रकार र समावेशी समूह तथा योग्यताक्रमका आधारमा चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०७९ बमोजिम छनौट गरिने छ । आवेदन दिइसकेपछि म्याचिङमा परी भर्ना भएमा पाकिस्तानको छात्रवृत्तिका लागि छनौटमा सहभागी गराइने छैन ।

२०८०/०२/१८

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

२. यस छात्रवृत्तिका लागि चिकित्सा शिक्षा आयोगबाट सिफारिशमात्र हुने हो । सिफारिस भएपछि मन्त्रालयहरू र पाकिस्तान सरकारले यस रोहमा निर्धारण गरेका आवश्यक सम्पूर्ण प्रक्रियाहरू उम्मेदवार स्वयंले पूरा गर्नुपर्ने छ ।

च. सम्बन्धित क्युआर कोडहरू (QR codes)

**Profile Log-in Portal** **PTAP Main Page**

२०८०/०२/१८
उपसचिव

पत्र संख्या:- ०७९/८०
चलानी नं:- ३६

# नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
## छात्रवृत्ति शाखा

दर्ता नं.: ११७८
मिति: २०८०/२/१४

01-6635442

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८०/०२/१४

विषयः एमविविएस, विडिएस र डिफार्मेसी कार्यक्रम तर्फ विद्यार्थी सिफारिश गरि पठाइदिने सम्बन्धमा ।

श्री चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालयको चलानी नम्बर ०७९/८०/SA-II/PAK-7935 मिति २०८०/०१/३१ तदनुसार १४ मे २०२३ को पत्र मार्फत शैक्षिक बर्ष २०२३/२४ का लागि Pakistan Technical assistance Program (PTAP) अन्तर्गत एमविविएस,विडिएस र डि फार्मेसी कार्यक्रम तर्फ क्रमशः १०, ०१ र ०८ सिट नेपाल सरकारलाई पाकिस्तान सरकारद्वारा छात्रबृत्तिका रुपमा उपलब्ध गराएकाले तहाँ आयोगबाट प्रचलित कानून बमोजिम उक्त सिटहरुमा अध्ययनको लागि विद्यार्थी सिफारिश गरी सो को विवरण यस मन्त्रालयमा पठाउन मिति २०८०/०२/०७ को श्रीमान् सचिव स्तरीय निर्णय अनुसार अनुरोध छ ।

विद्यार्थी छनोट तथा सिफारिश गरी पठाउने कार्य देहाय बमोजिम गरिदिनु हुन अनुरोध गर्दै विस्तृत विवरणको लागि परराष्ट्र मन्त्रालय मार्फत प्राप्त कागजातहरु यसै साथ सँलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।
तपसिलः

१) डी फार्मेसी कार्यक्रममको लागि ७ जुलाई २०२३ भित्र र,
२) एमविविएस र विडिएस कार्यक्रमका लागि ७ सेप्टेम्बर २०२३ भित्र ।

सेमन्तराज कोइराला
उपसचिव

बोधार्थः
श्री परराष्ट्र मन्त्रालय, दक्षिण एशिया महाशाखा, सिंहदरबार, काठमाडै ।

श्री परीक्षा निर्देशनालय
कार्यार्थ
०८०/०२/१४

फोन नं.:
वेबसाइट: www.moest.gov.np

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

(दक्षिण एशिया महाशाखा)

मितिः २०८०/०१/३१

१४ मे २०२३

च.नं. ०७९/८०/SA-II/ PAK- ७९३५

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

सिंहदरबार ।

विषयः पाकिस्तानको PTAP कार्यक्रम सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा पाकिस्तान सरकारले Pakistan Technical Assistance Programme (PTAP) को २०२३/२४ सत्र अन्तर्गत MBBS, BDS, D. Pharmacy र B.Sc. Engineering तर्फ क्रमशः १०, १, ८ र ६ संख्यामा नेपाली विद्यार्थीका लागि कोटाको व्यवस्था तथा छात्रवृत्तिहरुमा आवेदन गर्नका लागि आवश्यक शैक्षिक योग्यता, शर्तहरु लगायतका विषयमा जानकारी गराउँदै लेखेको पत्र तथा अन्य कागजातहरु पाकिस्तानस्थित नेपाली राजदुतावासको च.नं. ३३४, मिति २०८०/१/२८ को पत्र मार्फत प्राप्त पत्र भई आएकोले तहाँको जानकारी तथा आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी प्रेषित गरिएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

(हरिराज भट्टराई)

शाखा अधिकृत

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
ISLAMABAD

संकेत नं. ENI /4.1.2
च.नं. ३३४

मितिः २०८०/०१/२८
११ मे २०२३

**श्री परराष्ट्र मन्त्रालय**
**दक्षिण एशिया महाशाखा**
**सिंहदरबार, काठमाडौं।**

**विषयः पाकिस्तानले PTAP अन्तर्गत २०२३/२४ का लागि उपलब्ध कोटा सम्बन्धमा।**

पाकिस्तान सरकारले Pakistan Technical Assistance Programme (PTAP) को २०२३/२४ सत्र अन्तर्गत MBBS, BDS, D. Pharmacy र B.Sc. Engineering तर्फ क्रमशः १०, १, ८ र ६ संख्यामा नेपाली विद्यार्थीका लागि कोटा उपलब्ध गराउने जानकारी दिँदै एवं ती छात्रवृत्तिहरूमा आवेदन गर्नका लागि आवश्यक शैक्षिक योग्यता, शर्तहरू लगायतका विषयमा जानकारी गराउँदै यहाँको आर्थिक मामिला मन्त्रालयले लेखेको मिति ०४ मे २०२३ को पत्र जानकारी तथा शीघ्र आवश्यक कारबाहीको व्यवस्थाका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

नेपाली नागरिकहरूका लागि उपलब्ध गराइएका ती कोटामध्ये **D. Pharmacy र B. Sc. Engineering तर्फ आवेदन गर्ने अन्तिम मिति ०१ अगस्त २०२३ र MBBS र BDS तर्फ आवेदन गर्ने अन्तिम मिति ०२ अक्टोबर २०२३ उल्लेख गरिएको** व्यहोरा अनुरोध छ।

साथै, गत वर्षहरूमा शैक्षिक सत्र शुरू भइसक्दा समेत नेपाली विद्यार्थीहरू भिषा लगायतका विविध कारणले कक्षामा हाजीर हुन नसकेको यथार्थलाई ध्यान दिँदै मनोनयन प्रकृया समयमै पूरा भएमा सहज हुने व्यहोरा पनि निर्देशानुसार अनुरोध छ।

(लोकबहादुर पौडेल क्षेत्री)
मिनिष्टर काउन्सेलर

SB (SA II)
12 May

To MOEST

House No.6, Gomal Road, Sector E/7, Islamabad, Pakistan
Tel:+92512610317-18, Fax:+92512610320, Email: nepem@comsats.net.pk, eonislamabad@mofa.gov.np

No. 1(1 )FS/2023-24
GOVERNMENT OF PAKISTAN
MINISTRY OF ECONOMIC AFFAIRS
www.ead.gov.pk

Islamabad, May 04, 2023

From : Section Officer
Tele : 9201868
Fax : 9211822

SUBJECT: **ADMISSION OF FOREIGN STUDENTS IN PROFESSIONAL INSTITUTIONS OF PAKISTAN UNDER PAKISTAN TECHNICAL ASSISTANCE PROGRAMME (PTAP) SESSION (2023-24)**

Ministry of Economic Affairs, Government of Pakistan has been administering Pakistan Technical Assistance Programme (PTAP) since 1976. Since then thousands of foreign students have successfully completed their degrees under this programme. Following is a brief overview of the programme:

**Quota:**

MoEA has allocated the following seats to the Government of **Nepal** for nominating their own nationals only, for the forthcoming session, 2023-24: -

i) MBBS = 10
ii) BDS = 1
iii) D. Pharmacy = 8
iv) B.Sc. Engineering = 6

**Schedule:**

| **Discipline** | **Deadline** |
|---|---|
| D. Pharmacy | August 1, 2023 |
| B. Sc. Engineering | |
| MBBS | October 2, 2023 |
| BDS | |

## Educational Qualification

2. The minimum educational qualification for admission to all the disciplines is Higher Secondary School Certificate (HSSC) or its equivalent qualification. Specific requirements of each discipline are as under:

| Discipline | Subjects | Score |
|---|---|---|
| MBBS & BDS | English, Chemistry, Biology and Physics or Mathematics. | At least 65% marks in HSSC or its equivalent after conversion from Inter Board Committee of Chairmen (IBCC) |
| B. Sc. Engineering | English, Physics, Chemistry & Mathematics. | At least 60% marks in HSSC or equivalent from Inter Board Committee of Chairmen ( IBCC). |
| D. Pharmacy | English, Physics, Chemistry & Biology. | |

3. **Conditions for admission**

qq) Must be recommended by the respective government.

rr) Seats for foreign students are available in the institutions throughout Pakistan and the placement of students is done by MoEA on the basis of merit, choice of the students and the availability of slots. Moreover, institutions are not bound to entertain the students after expiry of their prescribed deadline.

ss) The general eligibility / final selection of students will be made by the institutions concerned keeping in view their admission criteria.

tt) Eligibility of students in terms of equivalence of certificates and grades will be determined by Inter Board Committee of Chairmen (IBCC), Islamabad. Concerned Embassies / students are bound to submit their equivalence certificates issued by IBCC, Islamabad along with their application forms.

uu) The students admitted under PTAP will be required to pay the prescribed fee applicable under the Program to the institution concerned. Expenses on traveling, boarding & lodging etc. are also to be borne by students themselves.

vv) Migration from one institute to another shall be governed by the relevant policy of the institutions concerned.

ww) Exemption from tuition fee and other dues will be dealt as per policy of the institutions concerned.

4. Updated/latest application form which can be downloaded from MoEA's website link (https://ead.gov.pk/Detail/NDczNzA5ZGUtMTc2Zi00ZjVlLWI5OWUtNWZiMTlmMmFhZWRi) should be preferably typed or printed and submitted in **quadruplicate**, along with the attested copies of the following documents: -

xxv) Certificates / Marks Sheets of HSSC examination / or equivalent examination

xxvi) Recent photograph passport size (4 copies)

xxvii) Copies of Passport of the applicant

xxviii) Equivalence Certificate by the Secretary, Inter Board Committee of Chairmen (IBCC) Islamabad.

vi) Undertaking by those candidates applying for admission in Medical and Dental Colleges of Pakistan to the effect, that they are not already studying in any other Medical / Dental college of Pakistan at the time of applying for PTAP seat.

5. It is imperative that the foreign candidates should come to Pakistan only on student visa issued by the concerned Pakistan Mission abroad **only after** their admissions are finally confirmed by the Ministry of Economic Affairs.

6. The Missions are requested to nominate the candidates in order of priority as per their respective quota along with **equal number of alternate candidates** (to be considered for replacement if needed) for consideration under PTAP. The applications must be submitted on the prescribed format along with attachments as listed at Para-04/above to Section Officer (PTAP), Room # 505, Economic Affairs Division, "C" Block Pak Secretariat, Islamabad as per the deadlines mentioned at Para-01/above. **No request will be entertained for replacement of students and change of technology or institution and all replacements will be made from the list of alternate candidates provided by the missions along with that of the main candidates. The concerned embassy is requested to strictly follow the deadline and settle their matters with in stipulated time frame.**

7. Should you require any further details please do not hesitate to contact the undersigned at soptap@ead.gov.pk

Hammad H. Zaidi

(Syed Hammad Hassan)
Section Officer (PTAP/CP/FS)
Tele: +92-51-9201868

H.E. The Ambassador,

Embassy of Nepal,

Islamabad

Copy forwarded for appropriate action to:

i) Ministry of Foreign Affairs, Director (NBBS), Islamabad.